नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठमाडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २४ भाद्र २०८३

प्रतिवेदन नं : १२

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | संक्षिप्त विवरण |
|---|---|
| **प्राप्त सामग्री** | पाकिस्तान सरकारबाट **१०५,२५५ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री प्राप्त |
| **प्राप्त सामग्रीका प्रकार** | Amlodipine, Cefixime, ORS, Disposable Mask, Paracetamol, Metronidazole लगायत **विभिन्न ३९ प्रकार**का सामग्री |
| **वितरण गरिएको सामग्री** | राष्ट्रिय ट्रमा सेन्टरद्वारा सञ्चालन हुने निःशुल्क स्वास्थ्य शिविरका लागि **३,७०८ इकाइ** औषधि तथा स्वास्थ्य सामग्री पठाइएको |
| **मुख्य वितरण सामग्री** | Disposable Mask, Surgical Gloves, Sanitizer, Povidone Iodine, Mupirocin, Metronidazole लगायत |
| **मौज्दात अवस्था** | २०८३/०५/२३ दिउँसो ३ बजेसम्म स्वास्थ्य सेवा विभागमा **विभिन्न २९० भन्दा बढी प्रकारका औषधि तथा स्वास्थ्य सामग्री** मौज्दात रहेको |

औषधि तथा स्वास्थ्य सामग्रीको अवस्था २०८३२३/०५/- ३ बजेसम्म

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- गत २४ घण्टामा कुल २० वटा केस रिपोर्ट भएका छन्:
    - ७ वटा Fever
    - १० वटा Fever with Cough
    - २ वटा Fever with Rash
    - १ वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको
- सम्भावित इन्फ्लुएन्जा संक्रमणको पहिचान तथा निगरानीका लागि होल्डिङ सेन्टर र समुदायस्तरमा RDT परीक्षण गर्ने तयारी गरिएको छ।
- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

## बाढीबाट प्रभावित क्षेत्रमा शव व्यवस्थापन तथा शव व्यवस्थापन पश्चातको वातावरणनीय निसंक्रमण कार्यका परिचालित टोलीद्वारा सम्पन्न कार्य विवरण

- स्वास्थ्य क्षेत्रका साझेदारहरूको म्यापिङः रसुवामा कार्यरत UN Agencies, NGOs तथा INGOs को स्वास्थ्य क्षेत्रगत साझेदार म्यापिङका लागि 4W विवरण संकलन तथा सम्बन्धित संस्थाहरूसँग समन्वय गरिएको।
- अस्थायी स्वास्थ्य संस्था स्थापनाः बाढीबाट स्वास्थ्य संस्था पूर्ण रूपमा बगाएका स्याफ्रु र टिमुरेमा अस्थायी स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने सम्बन्धमा WHO तथा गोसाइँकुण्ड गाउँपालिकाको स्वास्थ्य शाखासँग समन्वय गरिएको। सुरक्षित स्थान पहिचान, आवश्यक औषधि, उपकरण तथा अन्य स्वास्थ्य सामग्रीको व्यवस्थापनका विषयमा छलफल गरिएको।
- OCV अभियान तयारीः ११ सेप्टेम्बर २०२६ देखि सञ्चालन हुने Oral Cholera Vaccine (OCV) अभियानको तयारी तथा कार्यान्वयन व्यवस्थाबारे छलफल गरिएको।

- ज्वरोका केसमा वृद्धिः बोगटीटार Community Health Unit मा ज्वरोका केसमा वृद्धि देखिएको विषयमा छलफल गरिएको। हालसम्म केसहरू विभिन्न स्थानका भएकाले एउटै क्लस्टरसँग सम्बन्धित देखिएका छैनन्। SORMAS मार्फत दैनिक रिपोर्टिङ तथा निरन्तर अनुगमन भइरहेको।
- ज्वरोसँगै ऱ्यास देखिएका केसः उत्तरगया गाउँपालिकामा ७—८ सेप्टेम्बरमा ५ वटा fever-with-rash cases पहिचान भएका छन्। PHO तथा WHO IPD टोलीद्वारा नमुना संकलन गरी थप प्रयोगशाला परीक्षणका लागि रसुवा अस्पतालमा सुरक्षित राखिएको।
- खानेपानी दूषितः भिमसेनस्थान प्राथमिक विद्यालय होल्डिङ सेन्टरबाट संकलित पानीको नमुनामा E. coli पोजेटिभ देखिएकोले उक्त पानीलाई प्रशोधन नगरी सिधै पिउन प्रयोग नगर्न सिफारिस गरिएको।
- तत्काल सुरक्षित खानेपानी व्यवस्थाः सुरक्षित पानीको भरपर्दो स्रोत सुनिश्चित नभएसम्म बोतलको पानी प्रयोग तथा पिउने पानीलाई उचित रूपमा प्रशोधन गर्न सिफारिस गरिएको।
- पानीको गुणस्तर अनुगमन विस्तारः प्रभावित क्षेत्रका थप सामुदायिक खानेपानी स्रोतबाट नमुना संकलन गरी पानीको गुणस्तर परीक्षण विस्तार गर्न सिफारिस गरिएको।
- LifeStraw फिल्टर जडानः उत्तरगया गाउँपालिकाका ३ वटा होल्डिङ सेन्टर र ३ वटा स्वास्थ्य संस्थामा LifeStraw water filter जडान गर्ने सम्बन्धमा समन्वय गरिएको। रसुवा स्वास्थ्य चौकी, धुन्चेमा फिल्टर जडान सम्पन्न गरिएको।
- WASH समन्वयः खानेपानी, पानीको गुणस्तर, सरसफाइ तथा होल्डिङ सेन्टरका WASH आवश्यकताका विषयमा DPHO, स्थानीय तह, WASH partners तथा अन्य मानवीय साझेदारबीच थप समन्वय आवश्यक रहेको औंल्याइएको।
- Health–WASH Cluster समन्वयः WASH Cluster बैठकमा DPHO को सहभागिता नभएको समन्वयसम्बन्धी विषय पहिचान गरी HEOC प्रमुखलाई जानकारी गराइएको। स्वास्थ्य जोखिमसँग प्रत्यक्ष सम्बन्धित WASH विषयमा Health र WASH क्षेत्रबीच समावेशी तथा नियमित सूचना आदानप्रदान आवश्यक रहेको औंल्याइएको



रसुवा जिल्ला जनस्वास्थ्य कार्यालयमा EDCD, PHO तथा साझेदार संस्थाबीच विपद्पछिको स्वास्थ्य प्रतिकार्य, सर्भिलेन्स, WASH अवस्था तथा प्राथमिक स्वास्थ्य आवश्यकताबारे समन्वय बैठक।






रसुवा स्वास्थ्य चौकी, धुन्चेमा सुरक्षित खानेपानीमा पहुँच सुधार गर्ने उद्देश्यले LifeStraw water filter जडान गरिएको।


## मनोसामाजिक परामर्श

- नुवाकोट,रसुवा,काठमाडौं,धादिङ्ग होल्डीङ्ग केन्द्र, अस्पताल तथा प्रभावित समुदायहरूमा MHPSS तथा PFA सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बालबालिका, किशोरकिशोरी तथा प्रभावित परिवारलाई लक्षित गरी समूह परामर्श तथा उपचारात्मक मनोसामाजिक गतिविधि सञ्चालन भइरहेको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


१. **मनोसामाजिक परामर्श**








## २. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोलि परिचालनः






## परिवार कल्याण महाशाखा

- नुवाकोट, रसुवा र धादिङ जिल्लाका बाढी तथा पहिरोबाट प्रभावित पालिकाहरूमा रहेका सम्पूर्ण **Birthing Centre, BEmONC** तथा **CEmONC sites** को अवस्था तथा सेवा तयारीको मूल्याङ्कन )assessment) गर्न टोली परिचालन गरिएको।



**खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:**

- राष्ट्रिय खोप सल्लाहकार समिति) NIAC) को सिफारिसअनुसार रसुवा र नुवाकोट जिल्लाका बढी प्रभावित वडाहरूलाई लक्षित गरी OCV तथा MR खोप अभियानको पहिलो चरण सञ्चालन गर्न आवश्यक योजना तथा तयारीका कार्यहरू जारी रहेका छन्।
- परिवार कल्याण महाशाखा) FWD) ले बाढी प्रतिकार्यको समन्वय तथा तयारी सुदृढ गर्न प्रदेश तथा जिल्ला तहका सरोकारवालाहरूसँग नियमित Virtual समन्वय बैठक सञ्चालन गर्दै आएको छ।
- WHO IVD द्वारा परिचालित SIMO हरूले रसुवा र नुवाकोट जिल्लामा बाढी प्रतिकार्यका लागि प्राविधिक तथा सञ्चालनगत सहयोग प्रदान गरिरहेका छन्। सहयोगका क्षेत्रहरूमा नियमित खोप सेवाको निरन्तरता, VPD निगरानी सुदृढीकरण तथा Active Case Search (holding centers सहित) समावेश छ।
- बाढी प्रभावित जिल्लाहरूमा कुल १,०२,१२३ डोज ओरल कोलेरा खोप) OCV) पठाइएको छ, जसमा रसुवाका लागि २१,६०० डोज र नुवाकोटका लागि ८०,५२३ डोज समावेश छन्।
- रसुवामा ३,५०० डोज OCV प्राथमिकताप्राप्त स्थानीय तहहरूमा वितरण गरिएको छ, जसमा कालिका गाउँपालिकालाई १,५०० डोज र उत्तरगया गाउँपालिकालाई २,००० डोज प्रदान गरिएको छ।
- रसुवामा OCV अभियान २०८३ भदौ २५ गतेदेखि सञ्चालन हुने तय भएको छ भने नुवाकोटमा उक्त अभियान २०८३ भदौ २६ गतेदेखि सञ्चालन हुने प्रस्तावित छ।
- OCV अभियान सञ्चालन सम्बन्धी स्वास्थ्य संयोजकहरूको अभिमुखीकरण कार्यक्रम रसुवामा २०८३ भदौ २४ गते आयोजना हुने तय गरिएको छ।
- NHEICC सँगको समन्वयमा तथा UNICEF को सहयोगमा जोखिम सञ्चार तथा सामुदायिक सहभागिता) RCCE) सम्बन्धी गतिविधिहरू निरन्तर सञ्चालन भइरहेका छन्।
- UNICEF नेपालले खोप अभियानलाई सहयोग पुऱ्याउन दादुरा-रुबेला) MR) खोपका ७४,००० मात्रा, ५ वटा सोलार) SDD) रेफ्रिजेरेटर तथा २० वटा कोल्ड बक्स उपलब्ध गराएको छ।




UN



राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) सम्बन्धी प्रमुख गतिविधिहरू

- इन्फोग्राफिक







यस अवधीमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्रको फेसवुक पेजबाट दुई इन्फोग्राफिक बनेका छन् जुन राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्रको फेसवुक पेजबाट प्रेषणा भइरहेको छ

- त्यसैगरी राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा सञ्चार केन्द्रबाट नेपालले मातृ तथा नवजात धनुष्टङ्कार निवारणको अवस्था कायम राखेकोमा विश्व स्वास्थ्य संगठन (WHO) बाट पाएको सम्मानको सन्देश सम्प्रेषण गरिएको छ

- भोटेकोशी बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य बीमा सेवा मार्फत स्वास्थ्य सेवा उपलब्धता सहजीकरणका लागि फोकल पर्सन तोकिएको छ।

- यसैगरी वाढी प्रभावित क्षेत्रमा सञ्चालन हुन गइरहेको हैजा विरुद्धको खोप अभियानका बारेमा विभिन्न अनलाइन मिडियाबाट पनि सन्देश प्रशारण गरिएको छ ।

    - https://www.facebook.com/share/1CSynp5aN7/
    - https://ukeraa.com/news/detail/179628/

- यसैगरी राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्रद्धारा सञ्चालि वाढी प्रभावित क्षेत्रमा स्वास्थ्य प्रतिकार्य सम्वन्धमा विभिन्न अनलाइन माध्यमबाट भिडियो सन्देशहरु प्रकाशन गरिएको छ । यसैगरी राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्रद्धारा सञ्चालि वाढी प्रभावित क्षेत्रमा स्वास्थ्य प्रतिकार्य सम्वन्धमा विभिन्न अनलाइन माध्यमबाट भिडियो सन्देशहरु प्रकाशन गरिएको छ । जसको लिंक निम्न अनुसार रहेको छ ।

    - https://www.facebook.com/reel/4619909148264926
    - https://www.facebook.com/reel/2290100088497849

## अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोगहरु**

### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period. Grey cells (—) = no report received; a shaded 0 is a reported zero

| | 08 Sep |
|---|---|
| Sundari Kyaurini Secondary School | 8 |
| Chandrajyoti Secondary School | 4 |
| Nilkantha Secondary School,Uttargaya | 2 |
| Battar Chautara/ Chisyan Kendra | 2 |
| Bhairum Secondary School | 2 |
| Kemin Shyame Wangfel Secondary School | 1 |
| Sulakshana Secondary School | 1 |